श्री ५ को सरकार
# स्थानीय विकास मन्त्रालय
(जनसंख्या तथा पंजिकरण व्यवस्थापन शाखा)

फोन ५-५४१०५८, ५-५२१७२७, ५-५२१७२८, ५-५२१७३१
श्रीमहल, पुल्चोक
ललितपुर

पत्र संख्या :- ०६१/६२
चलानी नं. :- ३५२

मिति : ........२०६२।१।१२........

**विषय :** अपाङ्गहरुको विकास सम्वन्धी कार्यक्रम वनाई कार्यान्वयन गर्ने वारे ।

श्री जिल्ला विकास समितिको कार्यालय,
सवै ।
श्री नगरपालिका कार्यालय
सवै (महा न.पा.,उपमहा न.पा. समेत)

प्रस्तुत विषयमा सर्वोच्च अदालत समक्ष ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. ५ वस्ने श्री वावुकृष्ण महर्जनले यस मन्त्रालय समेतलाई विपक्षी वनाई दायर गर्नु भएको रिट निवेदनको सम्वन्धमा सम्मानित सर्वोच्च अदालतबाट मिति २०६१।१०।५ मा अपाङ्गहरुको संरक्षणको लागि बनेको अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ ले गरेको व्यवस्था वमोजिम अपाङ्गहरुको हक, हित, संरक्षण सम्वन्धि कार्यक्रमहरु वनाई लागू गर्न र त्यस्ता कार्यक्रमहरुको जानकारी सर्वोच्च अदालतलाई समेत दिनु भनी यस मन्त्रालयको नाममा समेत परमादेश जारी भएको सन्दर्भमा लेखिदैछ।

अपाङ्गको हित अनुकूल हुने किसिमले राज्यले उनीहरुको आर्थिक र सामाजिक विकासको लागि अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९ ले गरेको व्यवस्था वमोजिमका कार्यक्रमहरु वनाई लागू गर्नु पर्ने भएको र हाल अपाङ्ग सम्वन्धी नीति तथा राष्ट्रिय कार्य योजना २०६१ को मस्यौदा स्वीकृत भई नसकेको अवस्थामा अपाङ्गहरुको हित सम्वर्द्धन गर्ने उद्देश्यले यस मन्त्रालय र अन्तर्गतका स्थानीय निकायको साधन श्रोतबाट उपलव्ध गराउन सक्ने सेवा सुविधा प्रदान गर्न श्री ५ को सरकार (सचिवस्तर) को मिति २०६१।१२।२५ को निर्णयानुसार अपाङ्गसंग सम्वन्धीत निम्न अनुसारका कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयनको व्यवस्था मिलाउने भन्ने निर्णय भएकोले अपाङ्गको हित संम्वर्द्धन गर्ने कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्ने व्यवस्था गर्नु हुन; अपाङ्गको हक हितका लागि गैरसरकारी क्षेत्र/निजी क्षेत्रलाई प्रोत्साहन गरी कार्यक्रम संचालन गर्न र यस मन्त्रालय र महिला वालवालिका तथा समाज कल्याण मन्त्रालयमा समेत नियमित रुपमा जानकारी दिनु हुन अनुरोध छ ।

१) शिपमूलक तालिम, आय आर्जन, विना धितो कर्जा प्रवाह जस्ता अपाङ्गको आर्थिक विकासमा टेवा पुऱ्याउने कार्यक्रमहरु संचलन गर्न व्यवस्था मिलाउने ।
२) शिक्षा,स्वास्थ्य लगायतका सामाजिक विकासका लागि स्थानीय निकाय/स्थानीयस्तर र सार्वजनिक क्षेत्रमा अपाङ्गको लागि रोजगार प्रोत्साहन कार्यक्रम र कल्याण कार्यक्रम संचालन गर्न र यसका लागि गैरसरकारी तथा निजी क्षेत्रलाई समेत उत्प्रेरित गर्ने ।
३) स्थानीय निकायमा मन्त्रालयबाट निकासा हुने पुजिगत अनुदान र आन्तरिक आयबाट प्राप्त हुने रकममा कम्तिमा १% देखि ५% रकम अपाङ्गको हित अभिवृद्धि हुने आर्थिक तथा सामाजिक विकासका कार्यक्रमका लागि छुट्याई प्रत्येक वर्ष कार्यान्वयन गर्दै जाने ।
४) स्थानीय स्तर/निकायमा हुने कुनै पनि विकास निर्माण, शैक्षिक, साहित्यिक, खेलकुद, आर्थिक र सामाजिक गतिविधिका लागि जिल्ला नगर/गा.वि.स. मा गठन हुने समितिहरुमा अपाङ्गहरुको प्रतिनिधित्व गराई निजहरुलाई मूल प्रवाहमा ल्याउन नीति अवलम्वन गर्ने ।
५) कुनै पनि भौतिक निर्माण सुधार कार्य गर्दा गराउदा अपाङ्गहरुलाई सहज रुपमा आवतजावत गर्न अपाङ्ग मैत्री हुने गरी भौतिक संरचनाको निर्माणमा ध्यान पुऱ्याउने ।

**वोधार्थ :-**
श्री सर्वोच्च अदालत , रिट शाखा :- सम्वत २०६१ सालको रिट नं. ३६६६ को सिलसिलामा ।
श्री स्थानीय विकास मन्त्रालय, महाशाखा/शाखा सवै ।
श्री महिला, वालवालिका तथा समाज कल्याण मन्त्रालय,
सिहदरवार :- अपाङ्ग सम्वन्धी नीति तथा राष्ट्रिय कार्य योजना स्वीकृत भएपछि प्रत्येक स्थानीय निकायहरुलाई एक प्रति उपलव्ध गराई दिन हुन अनुरोध छ ।

(ईश्वरी प्रसाद घिमिरे)
शाखा अधिकृत
शाखा-अधिकृत